# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## त्रिवेणी गाउँपालिका

### रुकुम (पश्चिम भाग)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## त्रिवेणी गाउँपालिका

### रुकुम (पश्चिम भाग)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## त्रिवेणी गाउँपालिका

### रुकुम (पश्चिम भाग)

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन

प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय
कर्णाली प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ५०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
रुकुम (पश्चिम भाग) ।

**कैफियत सहितको राय**

हामीले त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड १२ लाख ९८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१७ लाख २४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७१ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु.९७ लाख र पेश्की रु १ करोड २७ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१५ करोड ४३ लाख ३४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ८५ लाख १९ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(................................)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २४ | २१ | ३१२९८ | ० | ० | ० | २४ | २१ | ३१२९८ | १७२४ | ९७०० | ७१७४ | ० | ० | १६८७४ | १२७०० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| त्रिवेणी गाउँपालिका रुकुम पश्चिम भाग | १५४३३४ | ० | १७११३ | १३७२२१ | ० | ३१२९८ | १६८५१९ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : त्रिवेणी गाउँपालिका, रुकुम , त्रिबेणी गाउँपालिका , रुकुम पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | PREM BAHADUR GHARTI | २०७८-१२-१४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Ramesh Pun Magar | २०७७-७-४ | २०७८-१२-१३ |
| लेखा प्रमुख | Dambar Bahadur Sunar | २०७७-७-२७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३१,२९८,३४१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,१३,९७,०६९.६३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१,८०,८२,०४१.५७ | **चालु खर्च** | ३८,६६,०४,६१६.२१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,२२,८४,७९१ | **पूँजीगत खर्च** | १६,१५,७२,७७१ |
| **राजश्व बाँडफाँट** | ६,०८,१०,७८२.५९ | **वित्तीय/अन्य व्यवस्था** | १२,६७,४७,८०३.५ |
| **आन्तरिक आय** | ५८,१३,९४४.७ | | |
| **अन्य आय** | १२,८८,७४,३३४ | | |
| **कुल आय** | ६६,५८,६५,८९३.८६ | **कुल खर्च** | ६७,४९,२५,१९०.७१ |
| **बाँकी मौज्दात** | | १,२३,३७,७७२.७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास मार्फत स्थानीय शासन पद्धति सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीकअभ्यास संस्थागत गरी स्थानीय सरकारको सञ्चालन गर्न गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गर्दै स्थानीय सरकारका काममा जनसहभागिता तथा उत्तरदायित्व प्रवर्धन गरी पारदर्शिता सुनिश्चित गर्नु पालिकाको उदेश्य रहेको छ । नागरिकलाई गुणस्तरीय सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गाउँपालिका क्रियाशिल छ । गाउँसभा सदस्य ५३ जना रहेको यस गाउँपालिकामा १० वडा रहेका छन्।<br><br>लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौंल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।<br><br>उल्लेखित कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७९।०६।०२ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| २ | | | **लेखापरीक्षणकाे उद्धेश्य**<br><br>स्थानीय तहको वित्तीय विवरण तथा कारोवारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी वित्तीय प्रतिवेदन उपर उचित आश्वस्तता प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्येश्य रहेको छ ।वित्तीय लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारारहरुको जोखिम विश्लेषण,लेखापरीक्षण नीति मानदण्ड,व्यवस्थापन प्रतिन्धित्वपत्र, लेखापरीक्षण मार्गदर्शन,व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना कार्यक्रम र लेखापरीक्षण विधि अनुसार लेखापरीक्षण सम्पन्नन गरिएको छ। | |
| ३ | | | **वित्तीयविवरण**<br><br>स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

व्यवस्था गरेकोमा यस गाँउपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा तयार गरिनु पर्दछ।

यस वर्ष गाँउपालिकाको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट देखिएको व्यहोरा र बाँकीको विवरण देहायअनुसार छन्:

| विवरण | टिप्पणी | यसबर्ष | | | | गतबर्ष | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५८,६३,८७,९९६ | ५४,०७,३५,०४३.८६ | | ५४,०७,३५,०४३.८६ | ४७,४१,८७,४४५.९१ | | ४७,४१,८७,४४५.९१ |
| **क. प्राप्ति** (संचितकोषमा आम्दानीबाँधिने) | | ५८,६३,८७,९९६ | ५३,६९,९१,५५९.८६ | ० | ५३,६९,९१,५५९.८६ | ४६,६५,९५,४३६.९१ | ० | ४६,६५,९५,४३६.९१ |
| ११०००कर | ११ | ७,१४,२५,००० | ६,२३,३८,६०२.३३ | ० | ६,२३,३८,६०२.३३ | ५,७२,५१,४०६.९१ | ० | ५,७२,५१,४०६.९१ |
| १३०००अनुदान | | ५०,९०,३९,००० | ४७,०३,६६,८३२.५७ | ० | ४७,०३,६६,८३२.५७ | ४०,५६,७४,०८० | ० | ४०,५६,७४,०८० |
| संघीयसरकार | १२ | ४४,१४,४१,००० | ४१,८०,८२,०४१.५७ | ० | ४१,८०,८२,०४१.५७ | ३७,१४,६८,०८० | ० | ३७,१४,६८,०८० |
| प्रदेशसरकार | १२ | ६,७५,९८,००० | ५,२२,८४,७९१ | ० | ५,२२,८४,७९१ | ३,४२,०६,००० | ० | ३,४२,०६,००० |
| १४०००अन्य राजस्व | | ४९,२३,९९६ | ४२,८६,१२४.९६ | ० | ४२,८६,१२४.९६ | ३६,६९,९५० | ० | ३६,६९,९५० |
| १५०००विविध प्राप्ति | | १०,००,००० | ० | ० | ० | ० | ० | ० |
| **ख.अन्य प्राप्ति** | | | ३७,४३,४८४ | | ३७,४३,४८४ | ७५,९२,००९ | | ७५,९२,००९ |
| वितरणगर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ० | ० | ० | ० | ७१,९५,४८१ | ० | ७१,९५,४८१ |
| धरौटी | | ० | ३७,४३,४८४ | ० | ३७,४३,४८४ | ३,९६,५२८ | ० | ३,९६,५२८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६०,६७,१२,९९६ | ५४,९१,५६,६५५.२१ | | ५४,९१,५६,६५५.२१ | ५०,९८,३०,३६२.७७ | | ५०,९८,३०,३६२.७७ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ६०,६७,१२,९९६ | ५४,८१,७७,४८७.२१ | | ५४,८१,७७,४८७.२१ | ५०,१२,१५,२९३.२४ | | ५०,१२,१५,२९३.२४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,१०,६०,००० | १६,५०,५४,९१०.५१ | ० | १६,५०,५४,९१०.५१ | १२,४२,१५,६७८.७१ | ० | १२,४२,१५,६७८.७१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८,८७,६०,९९६ | १६,८०,५७,१०१.७० | ० | १६,८०,५७,१०१.७० | २०,५५,६४,९०६.५३ | ० | २०,५५,६४,९०६.५३ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ० | ० | ० | ० | ६७,२०० | ० | ६७,२०० |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | ० | ४३,९२,००० | ० | ४३,९२,००० |
| २६००० अनुदान | १८ | ३,४४,२७,००० | ३,०४,९७,४९५ | ० | ३,०४,९७,४९५ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,००,२०,००० | ९६,५८,४५९ | ० | ९६,५८,४५९ | ४३,४७,२४० | ० | ४३,४७,२४० |
| २८००० अन्य खर्च | १८ | १,३७,३५,००० | १,३३,३६,७५० | ० | १,३३,३६,७५० | १२,००,००० | ० | १२,००,००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,८७,१०,००० | १६,१५,७२,७७१ | ० | १६,१५,७२,७७१ | १६,१४,२८,२६८ | ० | १६,१४,२८,२६८ |
| घ.अन्य भूक्तानी | | | ९,७९,१६८ | | ९,७९,१६८ | ५०,९८,३०,३६२.७७ | | ५०,९८,३०,३६२.७७ |
| कोषहरु | | ० | ० | ० | ० | ६९,६३,५७३.५० | ० | ६९,६३,५७३.५० |
| धरौटी | | ० | १५,५५,९०८ | ० | १५,५५,९०८ | १६,५१,४९६.०३ | ० | १६,५१,४९६.०३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>(५,७६,७४०)</td><td></td><td>(५,७६,७४०)</td><td></td><td></td><td></td></tr>
<tr><td>ङ.यो वर्षको बचत (न्युन)</td><td></td><td>(२,०३,२५,०००)</td><td>(८४,२१,६११.३५)</td><td></td><td>(८४,२१,६११.३५)</td><td>(३,५६,४२,९१६.८६)</td><td></td><td>(३,५६,४२,९१६.८६)</td></tr>
<tr><td>च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>२,०४,५४,३५४.१३</td><td></td><td>२,०४,५४,३५४.१३</td><td>५,२३,१७,७४५.९४</td><td></td><td>५,२३,१७,७४५.९४</td></tr>
<tr><td>वर्षान्तकोबाकी रकम (ङ + च)</td><td></td><td>(२,०३,२५,०००)</td><td>१,२०,३२,७४२.७८</td><td></td><td>१,२०,३२,७४२.७८</td><td>१,६६,७४,८२९.०८</td><td></td><td>१,६६,७४,८२९.०८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>बैंकतथा नगद बाकी</td><td>२४</td><td></td><td>१,२२,३७,७७२.७८</td><td></td><td>१,२२,३७,७७२.७८</td><td>८१,११,२६६.४८</td><td></td><td>८१,११,२६६.४८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणका◌े क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा रु २४१४७४। असुल भएको छ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>वजेट तथा खर्च<br><br>गाँउपालिकाको आर्थिक वर्ष २०७८।७९ को वजेट रु रु.६० करोड ६७ लाख १२ हजारको मिति २०७८।०३।१० मा पेश भई २०७८।३।१० सभावाट अनुमोदन तथा स्वीकृत भई अन्त्यसम्म रु.५४ करोड ८१ लाख ७७ खर्च भएको छ । कुल वजेट मध्ये यस वर्ष आर्थिक तथा पुर्वाधार विकासमा ८३.१४ प्रतिशत तथा सामाजिक, संस्थागत विकास लगायत खर्चमा ८९.४० प्रतिशत खर्च भएको छ ।
<table>
<tr><th>क्र. स.</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२३२४२९९६</td><td>१९४७८३३८</td><td>८३.८०</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>९९१०९०००</td><td>८२३९५८०९</td><td>८३.१४</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>3१०९२६०००</td><td>२९११६५६५१।५७</td><td>९३.६४</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>३४५२०००</td><td>३१८०१९३</td><td>९2.१३</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>1६९9८3000</td><td>1५१९5७४९५</td><td>८९.४०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६०६७१२९९६</td><td>५४८१७७४८७.२१</td><td>१००</td></tr>
</table>
यसबाट गाँउपालिकाले बिकास निर्माण प्रयोजनमा खर्च गरेको भन्दा प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>दरवन्दी तथा पदपुर्ति अवस्थाः<br><br>गाँउपालिकाको विभिन्न शाखा सहित २८ दरवन्दी मध्ये १७ पदपुर्ति भई ११ पद रिक्त रहेको छ । त्यस्तै वडा कार्यालय तर्फ प्रशासन तथा प्राविधिक सहित ३९ दरवन्दी रहेकोमा २७ पद पुर्ति भई १२ पद रिक्त रहेको छ। गाँउपालिकाले तयार गरेको नीति, कार्यक्रम र वजेट कार्यान्वयन गरी प्रभावकारी सेवा प्रवाह गर्न रिक्त दरवन्दी लोक सेवा आयोग मार्फत पदपुर्ति हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>गतवर्षको घटी जिम्मेवारी सारेको<br><br>गतवर्षको घटी जिम्मेवारी सारेकोः- स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गतवर्षको अल्या रु २१३९७०६९.६३ सार्नुपर्नेमा बैंक अनुसार रु १९९२२९२८.४५ सारेकोले रु १४७४१४१.१८ घट्टी जिम्मेवारी सारेको देखियो । गतवर्षको प्रतिवेदन भन्दा घट्टि जिम्मेवारी सारेको सम्बन्धमा एकिन गर्नुपर्ने देखिएको रु</td><td>१,४७४,१४१</td></tr>
<tr><td>८</td><td></td><td></td><td>स्थानीय संचितकोष कोष तथा अन्य व्यहोरा</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td><br>स्थानिय संचित कोष : स्थानीय सञ्चित कोषको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहको एकिकृत वित्तीय विवरणले सो पालिका भित्रको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेको देहाय अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको आय व्यय विवरण र एकिकृत आय व्यय विवरणमा फरक परेको छ। | |

| क.सं. | विवरण | म.ले.प.फा.नं.२७२ अनुसार | एकिकृत आय व्ययअनुसार | फरक |
|---|---|---|---|---|
| १ | गत बर्षकोअल्या | १५४११२५५.१ | २१३९७०६९.६३ | ५९८५८१४.53 |
| २ | यस बर्षकोआम्दानी | ५३९७५८१४८.५३ | ६६५८६५८९३.६६ | १२६१०७७४५.३३ |
| ३ | यस बर्षकोखर्च | ५४१२३५०४३.८६ | ६७४७६४१४५.२१ | १३३५२९१०१.३५ |
| ४ | बाँकीमौज्दात | १२२३७७७२.७८ | १२३३७७७२.७८ | १०००००0.०० |

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीवाट सृजना भएको म.ले.प फा नं. २७२ ले गाँउपालिकाको आयव्ययको प्रतिनिधित्व गरेको देखिएन ।सबै आयव्ययलाई स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीवाट एकिकृत गरिनु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा अध्यक्ष श्री झक्कु प्रसाद घर्तीमगरबाट मिति २०७८।३।१० गते रु.६० करोड ६७ लाख १२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।3।१५।मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले 2076/3/2८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>आय व्यय हिसाब : गाँउपालिकाले रु.२१३९७०६९.३९ गत वर्षको जिम्मेवारी र यस वर्ष विभिन्न शिर्षकबाट प्राप्त भएको रु. ६६५८६५८९३.८६ समेत जम्मा रु.६८७२६२९६३.४९ आम्दानी देखाएकोमा खर्च तर्फ विभिन्न शिर्षकमा रु.६७४९२५१९०.७१ खर्च जनाई रु. १२३३७७७२.७८ बाँकी मौज्दात देखाएको एकिकृत आय व्यय पेश गरेको छ । उक्त आयव्यमा रु.१६१०४५.५० लाई हिसाब नमिलेको खर्च उल्लेख गरेको छ । खर्च तर्फको उक्त रकम के कति कारणले फरक परेको हो सो फरक पर्नाको पुष्टाई सहितको कागजात पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु———.<br><br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>८.२.१</td><td>त्रिवेणी</td><td>१,६१,०४५.५</td></tr>
</table></td><td>१६१,०४५</td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>चौमासिक खर्चः वार्षिक कार्यवोझलाई सरल रुपमा सम्पन्न गर्न चौमासिक रुपमा कार्यलक्ष्य तथा कार्यक्रम तयार गरी सम्पन्न गर्नु पर्दछ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । विवरण अनुसार चौमासिक खर्च प्रणाली तेश्रो चौमासिक र वर्षान्तमा धेरै रहेको छ । तेश्रो चौमासिक तथा आषाढ मसान्तमा हतारमा काम गराई सम्पन्न गर्दा गरेको कार्य गुणस्तरीय र दिगो नहुन सक्दछ । चौमासिक रुपमा कार्यलक्ष्य तय गरी सोहि अनुसार समयमा कार्यसम्पन्न गरी प्रगति हासिल गर्न पर्दछ ।
<table>
<tr><th></th><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th>चौमासिक खर्च</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र. स. | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
|---|---|---|---|---|---|---|
| १ | त्रिवेणी गाउँपालिका ८०६५९५०११०१ | ३०५२५१४७ | ८५०००० | ७१२४८३७ | २२५५०३१० | ९९९२५१४ |
| २ | त्रिवेणी गाउँपालिका शिक्षा ८०६५९५०१३०१ | २७०००० | | २७०००० | | |
| ३ | संघीय सरकारवाट हस्तान्तरित ८०६५९५०१५११ | ८९५६२९०५ | ० | १६८८८२७ | ८७८७४०७८ | ६८५४७०१४ |
| ४ | प्रदेश सरकावाट हस्तान्तरित ८०६५९५०१५२१ | ४१०१३५३१ | ० | ० | ४१०१३५३१ | २६७४११०६ |
| | जम्मा | १६१३७१५८३ | ८५००००.०० | ९०८३६६४.०० | १५१४३७९१९ | १०५२८०६३४.०० |
| | प्रतिशत | १०० | ०.५० | ५.६३ | ९३.८५ | ६५.२५ |

गाँउपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १६,१३,७१,५८३।०० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ८,५०,०००।०० अर्थात०.५२ प्रतिशत, दोश्रो चौमासिकमा ५.६३ प्रतिशत रु.९०,८३,६६४।००, तेश्रो चौमासिकमा ९३.८५ प्रतिशत रु. १५,१४,३७,९१९।०० र आषाढ महिनामा ६५.२५ प्रतिशत रु. १०,५२,८०,६३४।०० खर्च भएको देखिएको छ ।स्वीकृत बजेट तथा कार्यक्रम प्राप्त भए पछि प्रथम चौमासिक भित्र खरिद सम्झौता नगरी आर्थिक वर्षको अन्त्यमा मात्र काम गराउँदा कामको गुणस्तरमा समेत प्रतिकुल असर पर्न सक्ने हुँदा नियमानुसार समयमा नै सम्झौता गरी कार्यतालिका अनुसार समयमानै निर्माण कार्य गर्नु/गराउनु पर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **बैंक हिसाब मिलान :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको निम्नानुसार खातामा आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार रु.१,२३,३७,७७२।७८ र वैंक स्टेटमेन्ट अनुसार रु १,९९,२२,९२८।४५ वढी रु.७५,८५,१५५।६७ रहेको छ । पालिकाको श्रेस्ता र वैंक स्टेटमेन्ट अनुसार फरक सम्वन्धमा वैंक खाता अनुसार हिसाव मिलान विवरण तयार गरी फरक परेको कारण सहित आवश्यक कारवाही गर्नु पर्दछ । | |

| क्र.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | ५००७०९७।७९ | १२५९२२५३।४६ | ७५८५१५५।६७ |
| २ | पुँजिगत खर्च खाता | ०.00 | ०.00 | ०.00 |
| ३ | चालु खर्च खाता | ०.00 | ०.00 | ०.00 |
| ४ | धरौटी | ७२३०६७४.९९ | ७२३०६७४.९९ | ०.00 |
| ५ | विविध खर्च खाता | १०००००.०० | १०००००.०० | ०.00 |
| ६ | प्रकोप व्यवस्थापन कोष खाता | ०.00 | ०.00 | ०.00 |
| **जम्मा** | | **१२३३७७७२।७८** | **१९९२२९२८।४५** | ७५८५१५५।६७ |

**संचित कोषमा आम्दानी नबाधिएको :** गाँउपालिकाको संचित कोष खातामा खातामा आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार रु. ५००७०९७।७९ रहेकोमा वैंक स्टेटमेन्ट अनुसार रु १२५९२२५३।४६ रहेको छ । उक्त वढी मौजदात रु.७५,८५,१५५।६७ मध्ये रु.२७६६५८८।६७ मिति २०७९।०३।२० मा राजश्व बाँडफाडबाट प्राप्त आम्दानीलाई स्थानीय कोष व्यवस्थापन प्रणाली मार्फत आम्दानी बाध्नु पर्नेमा सो नभइ बाहिरी ट्रान्फर पत्र मार्फत सञ्चित कोषमा राखेको देखिन्छ ।त्यस्तै बाँकी बढी मौज्दात रु.४८,१८,५६७।०० एकिन गरी हिसाव मिलान हुनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आन्तरिक लेखापरीक्षण शाखा**: प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि गाँउपालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन ।आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।<br>**आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। गाँउपालिकाले यस वर्षको समपुरक,वित्तीय सामानिकिकरण अनुदान,विशेष अनुदान र आन्तरिक आय तर्फको कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ। | |
| ८.५ | | | **शेयर लगानी** : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा देहाय अनुसारका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको २ लाख ७५ हजार शेयरको प्रति शेयर रु.१०० दरले रु. २,७५,००,०००.०० को संस्थापक लगानि निर्धारण गरेको मध्ये २०७६।६।१० सम्म रु. १,४१,७२,४८५.०० शेयर लगानी वापत पावर कम्पनि लिमिटेडको नाममा रकम पठाइसकेको देखिन्छ । लिमिटेड कम्पनिमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन । नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने सम्वन्धमा सेवा प्रदायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ । शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम कतिपय स्थानीय तहले आयव्यय विवरणमा शेयर लगानीको रुपमा देखाएका छैनन् । यसबाट वित्तिय विवरणमा लगानी लेखाङ्कन नभएको अवस्था छ । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नुका साथै शेयर प्रमाण पत्र प्राप्त गर्ने र उक्त कम्पनी संचालनको साझा अवधारणा तय गरी प्रतिफलयुक्त तवरले उत्पादन संचालनमा समेत अग्रसर हुनुपर्दछ । | |

| क्र. स. | स्थानीय तह | शेयर कित्ता | भुक्तानी भएको (रु) | भुक्तानी बाँकी (रु) |
|---|---|---|---|---|
| 1. | आठबिसकोट | ६०००० | १००००००.०० | ५००००००.०० |
| 2. | मुसिकोट | ३०००० | ३००००००.०० | ० |
| 3. | चौरजहारी | ३०००० | १००००००.०० | २००००००.०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>4.</td><td>बाफिकोट</td><td>३००००</td><td>१००००००.००</td><td>२००००००.००</td></tr>
<tr><td>5.</td><td>सानीभेरी</td><td>३००००</td><td>१००००००.००</td><td>२००००००.००</td></tr>
<tr><td>6.</td><td>त्रिवेणी</td><td>३००००</td><td>१००००००.००</td><td>२००००००.००</td></tr>
<tr><td>7.</td><td>जिल्ला समन्वय समिति</td><td>६५०००</td><td>६१७२४५८.००</td><td>३२७५४२.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७५०००</td><td>१४१७२४५८.००</td><td>१३३२७५४२.००</td></tr>
</table>
यस सम्बन्धमा गत विगत वर्षमा समेत उल्लेख गरेकोमा कावश्यक कारवाहि गरेको देखिएन । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नु पर्दछ ।
</td><td></td></tr>
<tr><td>८.६</td><td></td><td></td><td>
ठेक्का व्यवस्थाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । गाउँपालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा २.०२ प्रतिशत देखि ६४.४२ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परिमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन । गाँउपालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धारण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । निर्माण कार्य तोकिएको समय भित्र निर्धारित गुणस्तर र परिमाणमा सम्पन्न गराउन गाँउपालिकाले ध्यान दिनु पर्दछ ।
<table>
<tr><th>क्रसं</th><th>कार्यक्रमको नाम</th><th>ठेक्का नम्बर</th><th>लागत अनुमान</th><th>स्वीकृत रकम</th><th>लागत अनुमानका तुलनामा घटी</th><th>घटी प्रतिशत</th></tr>
<tr><td>१</td><td>माथिगाउँ बल्लेजुरा कालापोखरा सडक निर्माण</td><td>TRM-MBKSN/NCB/01/078/79</td><td>१०६५१०३९।२२</td><td>४०४४७३०।४०</td><td>६६०६३०८।८२</td><td>६२।०३</td></tr>
<tr><td>२</td><td>जिवाङ झुल्का हाइरी बल्लेजुरा सडक निर्माण</td><td>TRM-JJHBSN/NCB/02/078/79</td><td>११५२४९७०।९०</td><td>४१०००९४।२०</td><td>७४२४८७६।७०</td><td>६४।४२</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | नुन्थला भेडाखर्क स्यानाखर्क विमैचा सडक निर्माण | TRM-NBSBSN/NCB/03/078/79 | १०६३७७६९।१३ | ३७८४९६५।२२ | ६८५२८०३।९१ | ६४।४२ |
| ४ | सिम्रुतु स्वास्थ चौकी भवन निर्माण | TRM-HPSBC/NCB/04/078/79 | ७९८५५८७।२८ | ४७४४९४५।१५ | ३२४०६४२।०० | ४०।५८ |
| ५ | झुल्नेटा हम्पाल कुरल खुम्चेरी सडक निर्माण | TRM-JHKKSN/NCB/05/078/79 | २०९४२०७६।१६ | ८५८५५५५।७० | १२३५६५२०।५० | ५९ |
| ^ | कुरल हम्पालखोला खानेपानी त्रिवेणी गापा केन्द्र खानेपानी निर्माण | TRM-KHKKN/04/078/79 | १९१९९३०।६८ | ९८१८०६।१५ | ९३८१२४।५३ | ४८।८६ |
| & | सिम्रुतु स्वास्थ्य चौकी भवन निर्माण | TRM-SHPC-4/09/078/79 | ३५१४८९९।०० | २६९३६७३।०० | ८२१२२६।०० | २३।३६ |
| * | १० शैयाको प्राथमिक अस्पताल भवन निर्माण | TRM-PHP/NCB/08/078/79 | ८९२२२७६०।०० | ८७४२४५५८।०० | १७९८२०२।०० | २।०२ |
| ( | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | TRM-OME/NCB/07/078/79 | ७६७१९१६५।०० | ६८६४८१५५।०० | ८०७१०१०।०० | १०।५२ |

| | | | | |
|---|---|---|---|---|
| ८.७ | | | **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाखदेखि रु २० लाखसम्मको खरिद कार्य सिलबन्दी दरभाउपत्र र सोभन्दा बढीको बोलपत्रबाट गर्नुपर्ने व्यवस्था छ यस गाउँपालिकाले बिभिन्न ल्यापटप तथा प्रिन्टर औषधी खरिद तथा छपाई सम्बन्धी कार्यहरु रु.५ लाख भन्दा कमको लागत अनुमान तयार गरी ३ वटा कोटेशन लिई सोझै खरिद सम्झौता गर्ने गरेको देखियो । उस्तै प्रकृतिका कार्यहरुलाई एउटै प्याकेज बनाई प्रतिस्पर्धा सुनिश्चितता हुने गरी कार्य गर्न सकिनेमा सो अनुसार भएको नदेखिएकोले टुक्रा पारी खरिद गर्ने तर्फ नियन्त्रण गरिनु पर्दछ। केही उदाहरणहरु निम्नानुसार छनः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| सि.नं. | आपूर्तिकर्ताको नाम | प्यान नं. | खरिद पटक | खरिद विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | न्यू सिटी कम्प्युटर एण्ड सप्लायर्स | 603854066 | ३ | कम्प्युटर प्रिन्टर | ६२१५०० |
| २ | एम के कम्प्युटर सप्लायर्स | 603462164 | १ | कम्प्युटर प्रिन्टर, | 176944 |
| ३ | एलटेक पावर जिइओ सिस्टम एण्ड आइटी सप्लायर्स | 607729614 | 1 | ल्यापटप र प्रिन्टर खरिद | 119300 |
| ४ | कुञ्जन मेडिको कन्सर्न | 602348713 | १ | औषधी खरिद | 398857 |
| ५ | सुवर्ण ट्रेड कन्सर्न | 305280268 | २ | औषधी खरिद | ९३८०५५ |
| ६ | हिमाली छापाखाना एण्ड फोटोकपी उद्योग | 305799678 | ३ | फाराम तथा किताब छपाई | ९६३१५० |
| ७ | अमर छापाखाना उद्योग तथा सप्लायर्स | 302197466 | ३ | छपाई, मसलन्द, कार्यालय सामाग्री | ९३९००० |
| ८ | डायनोसर इन्टरप्राइजेज प्रालि | 609654354 | १ | शैक्षिक सामाग्री | 441600 |
| ९ | वि डी एजुकेशन एण्ड हेन्डीक्राफ्ट | 606554767 | 1 | शैक्षिक सामाग्री | 437000 |
| १० | पिके एजुकेशन सप्लायर्स | 608973607 | 1 | शैक्षिक सामाग्री | 442060 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **चेनेज नखुलाएको:** सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा, विलको भुक्तानी गर्दा, नापी किताब तयार गर्दा र कार्यसम्पन्न प्रतिवेदन समेतमा स्पष्टसँग चेनेज खुलाउनु पर्दछ । तर गाँउपालिकाले सडक चेनेज तथा कुलो नहर निर्माण, ग्राभेल, बल्क बिछाउने तथा स्तरउन्नती गर्ने, ढल निर्माण, सरसफाई तथा मर्मत लगायतका कार्यमा प्राविधिकले लागत अनुमान तयार गरी रनिङ बिल भुक्तानी गर्दा तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत सडकको चेनेज खुलाइको पाईएन । जसबाट उक्त निर्माण भएको सडकको बास्तविक लम्बाईका साथैएकै स्थानमा दोहोरो पर्ने गरी उपभोक्ता समिति र अन्य विधि मार्फत समेत कार्य भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन । तसर्थ गाँउपालिकाबाट निर्माण हुने सडक तथा ढल योजनाको लागत अनुमान तथाकार्यसम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिक नाप जाँच सहितको चेनेज खुलाई निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।<br><br>**कन्टिन्जेन्सी खर्च :** नेपाल सरकारले जारी गरेको आर्थिक संकेत वर्गीकरण, २०७४ मा खर्च सम्बन्धी संकेत तोकिएका छन् उक्त संकेतसँग मेल नखाने गरी सार्वजनिक निर्माण खर्च शिर्षकवाट गाँउपालिकाले तलव खर्चमा रु.१०५०००।००इन्धन खर्चमा रु.५०००००।००अनुगमन तथा दैनिकभ्रमण भत्तामा रु.८०५३८२ मर्मत खर्च रु.५१९४०५ अन्य खर्च रु.१५४७३९६ समेत यो वर्ष कन्टिन्जेन्सी रकमवाट जम्मा रु.३४७७२२९ खर्च भएको छ। चालु प्रकृतिको नियमित बजेट विनियोजन हुने प्रशासनिक कार्यमा अत्याधिक खर्च गरेको कारण चालु प्रकृतिको खर्च बढाएको छ । कन्टिन्जेन्सी खर्च गर्ने योजनागत अभिलेख सहित गाँउपालिकावाट मापदण्ड बनाइ अनावश्यक खर्चमा नियन्त्रण गरिनु पर्दछ। | |
| ९ | | | **आन्तरिक नियन्त्रण तथा अन्य व्यहोरा** | |
| ९.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेर लागु गर्नु पर्दछ । पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गरेको देखिएन । आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमजोरी निम्नानुसार रहेका छनः÷<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखी आर्थिक वर्षभर संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· आर्थिक वर्ष २०७८।७९ को श्रेस्ता र बैंकबीचको अन्तिम वैंक मौज्दात फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।<br>· वडागत रुपमा लक्षित राजस्वको लक्ष्य निर्धारण गरेको पाईएन ।<br>· उपभोक्ताले खरिद गरेको माल सामानको परिमाण नापी कितावमा भिडान गरेको पाईएन ।<br>· एकीकृत सम्पत्ति तथा जिन्सीको एकीकृत लगत विवरण तयार गरी प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी सामानहरुको साहायक जिन्सी खाता बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अद्यावधिक गरेको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिए पनि सोको कार्यान्वयन गरेको पाईएन ।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन ।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काको लगत खाता म-ले-प-फा-नं- ५०६ र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>· नापी किताव म-ले-प-फा-नं- ५०३ दिर्घकालसम्म सुरक्षित हुने र एकै कितावमा सम्पुर्ण निर्माण लागत देखिने गरी तयार पारी जिन्सी दाखिला समेत गरी सुरक्षित गरेको देखिएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74 (2) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न (योजना) निर्माण कार्य गर्न (सम्झौता) गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्ने संयन्त्र तय गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ अनुसार खर्च भएको सुनिश्चितता हुने गरी कागजात तयार भई भुक्तानी गरेको पाईएन ।<br>·कर्मचारीको कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>·विषयगत कर्मचारीहरुको पुर्णरुपमा तलबी प्रतिवेदन पारित गरेको देखिएन ।<br>·विषयगत कार्यक्रम तर्फ खर्च गर्ने कार्यविधिहरु संघीय कानुन अनुसार तयार गरेको पाइएन ।<br>·विषयगततर्फ दिर्घकालिन सोच अनुसार उत्पादनमुखि योजना छनौट गरी कार्यान्वियन उन्मुख भएको पाइएन।<br>·प्रधानमन्त्री स्वरोजगार कार्यक्रम तर्फ कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ अनुसार योजना छनौट गरी वास्तविक रोजगारी श्रृजना हुने गरी योजना छनौट गरी कार्यान्वियन भएको पाईएन ।<br>·मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ सञ्चालन कार्यविधि, २०७७ कार्यविधिमा अनुसार रोजगारी श्रृजना हुनेगरी योजना छनौट गरी कार्यान्वियन भएको पाईएन ।<br>·सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुसार निर्माण कार्यको भुक्तानी गर्दा नापी गरी प्रविधिकको सिफारिसका आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले निर्माण कार्यको नापीकिताव व्यवस्थित गरी राखेको छैन । साथै पालिकाले योजना सञ्चाल गर्नु अगाडि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने गरेपनि निर्माण कार्य गर्दा सो अनुसर भए नभएको अनुगमन गर्ने गरेको देखिएन । विस्तृत परियोजना प्रतिवेदन भविश्यको प्रयोगका लागि समेत सुरक्षित राख्नुपर्नेमा दर्ता गरी अभिलेखिकृत गरेको देखिएन ।<br>आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सवल र सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९.२ | | | **बजेट सीमा निर्धारण समिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषय र क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाँउपालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।<br>**आय व्यय विवरण सार्वजनिक नगरेको** ः—स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (४) मा कार्यलयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले आय व्यय विवरण सार्वजनिक नगर्दा मासिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आय र व्ययको यथार्थता एकीन गर्ने कार्यमा असर पर्नुको साथै पारदर्शिता नहुने देखिन्छ । आय र व्ययको मासिक विवरण तयार गरी प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक हुनु पर्दछ ।<br>**सेवा करार —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ मा कार्यालयले रु १ लाख रुपैंया भन्दा बढी शुल्क लाग्ने सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग प्रतिस्पर्धाको आधारमा प्रस्ताब माग गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । सो बिपरीत गाँउपालिकाले ४१ जना कर्मचारी सोझै वार्ताद्धारा नियुक्ती गरी रु.१करोड २३ लाख ३ हजार खर्च लेखेको पाइयो । नियममा व्यवस्था भए अनुरुपको प्रक्रिया पूरा गरी प्रतिस्पर्धात्मक मूल्यमा सेवा करार लिनुपर्दछ ।<br>**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ वटा र यो बर्ष थप भएको १५ दर्ता भएको समेत जम्मा १९ विवाद फछ्र्यौट भएको देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।<br>**उपभोक्ता समिति दर्ता नभएको:** संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि सस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाइं बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाइं हुने भएकोले स्थायी सयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ।<br>**प्रगति विवरण** – स्थानीय सरकारका सञ्चालन ऐन २०७४ को दफा ७६ (३) मा गाँउपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति विवरण १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । चौमासिक प्रगति विवरण तयार भएको देखिएन । प्रगति विवरण तयार नगरेबाट भए गरेको खर्चको यथार्थ विवरण को जानकारी नहुने देखिन्छ । गाँउपालिकाले कानूनमा व्यवस्था भएअनुसार तोकिएको समयमा प्रगति विवरण तयारी गरी पेश हुनु पर्दछ ।<br>**कर समयमा दाखिला नगरेको** : आयकर ऐन, २०५८ को दफा ९० मा अग्रिम कर कट्टी रकम प्रत्येक महिना समाप्त भएको पन्ध्र दिन भित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भुक्तानीमा कट्टा गरेको अग्रिम आयकर, वहाल कर र समाजिक सुरक्षा कर समयमा दाखिला नगरी एकमुष्ट रकम रु ३७४६८५.०० मिति २०७७।०१।१९ मा रु.८०७३५०७।६९ दाखिला गरेको देखियो। ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन नगरेको र समयमा दाखिला गर्नेतर्फ ध्यान नदिएको कारणले समयमा दाखिला नभएको हुनसक्ने देखियो । समयमा दाखिला नहुदा आर्थिक कारोवारको लेखा अद्यावधिक नहूने र राजश्व आम्दानी दाखिला ढिला हुने देखियो । ऐनमा व्यवस्था भएअनुसार भूक्तानीमा कट्टी गरिएको अग्रिम कर समयमा दाखिला गरी लेखा दुरुस्त हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९.३</td><td></td><td></td><td>स—साना योजना छनौट:- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा योजना तथा कार्यक्रम सहितको आय व्ययको बजेट सभाले पारित गर्ने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष ५९ वटा सभाले पारित गरेका योजना मध्ये ४८ वटा योजना ५० लाख भन्दा कमका योजनाहरु छनौट भएको देखिन्छ ।यसरी स–सना योजनाहरु छनोट हुँदा बढी प्रतिफल दिन नसक्ने, दिगो योजनाहरु कार्यान्वयन नहुने, प्रभावकारी अनुगमन नहुने प्रशासनिक खर्च बढी हुने तथा दिगो एव गुणस्तरिय विकासमा वाधा पुग्ने र समग्र योजना कार्यान्वयनमा समेत समस्या हुने देखिन्छ ।पालिकाले योजना छनोट गर्दा उत्पादन र उत्पादक्त्व बढ्ने तथा आम नागरिकको जिवनस्तर माथि उकास्ने योजना तथा कार्यक्रम सञ्चालन गरिनु पर्दछ।गाँउपालिकाले धेरै प्रतिफल दिनसक्ने ठुला योजनाहरु छनौट गरी योजनाको दिगोपनामा जोड दिइ धेरै स—साना योजना छनौट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।यस वर्ष गाँपालिकाले सञ्चालन गरेका टुक्रे योजनाको विवरण निम्न छन ।
<table>
<tr><th>क्र.सं</th><th>योजनाहरु</th><th>जम्मा संख्या</th><th>विनियोजित रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>१ लाख देखि ५ लाख सम्मका योजनाहरुको संख्या</td><td>15</td><td>4175000.00</td><td>3914478.00</td></tr>
<tr><td>२</td><td>५ लाख देखि १० लाख सम्मका योजनाहरुको संख्या</td><td>7</td><td>6300000.00</td><td>5887788.00</td></tr>
<tr><td>३</td><td>१० लाख देखि २० लाख सम्मका योजनाहरुको संख्या</td><td>19</td><td>34050000.00</td><td>27544442.00</td></tr>
<tr><td>४</td><td>२० लाख देखि ५० लाख सम्मका योजनाहरुको संख्या</td><td>7</td><td>20200000.00</td><td>17668924.45</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथिका योजनाहरुको संख्या</td><td>11</td><td>95000000.00</td><td>82600568.00</td></tr>
<tr><td></td><td>जम्मा</td><td>59</td><td>159725000.00</td><td>137616200.45</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाँउपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने कुनै पनि सामानको गुणस्तर परीक्षण गरेको पाइएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **उपभोक्ता समितिले गरेको खरिद —** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिवाट निर्माण वा सो सम्बन्धि सेवा प्राप्त गर्दा मितव्ययिता,गुणस्तरियता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य रोजगारी सृजना गर्ने भएमा कार्य गराउन सकिने व्यवस्था छ। उपभोक्ता समितिवाट गराइएको निम्न कार्यहरुको फर्म कम्पनीहरुबाट खरीद विलको समेत भुक्तानी भएको देखिएकोले नियमानुसार देखिएन । उपभोक्ता समिति मार्फत फर्म/ कम्पनिवाट खरीद भएको कार्यको भुक्तानी हुँदा ऐन नियमको प्रक्रिया पुरा गरी खरीद कार्य नहुने, प्रतिस्पर्धा नहुने तथा गुणस्तरको समेत परिक्षण नहुने, खरीद कार्य मितव्ययी समेत नहुने हुँदा । ऐन नियममा भएको व्यवस्था विपरित उपभोक्ता समितिवाट गरिएको खरिद नियम अनुसार गर्नुपर्दछ ।<br>**खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष वार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता भएको नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । खरिद इकाई गठन गर्न गाउँपालिकाले ध्यान दिनु पर्दछ। | |
| १० | | | **बिमा तथा ज्याला सम्बन्धमा**<br><br>**दुर्घटना बिमा:-** मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि,२०७८ को दफा ११ को उपदफा २(१) बमोजिम कन्टिजेन्सी रकमबाट श्रमिकको सामुहिक दुर्घटना बिमामा खर्च गर्न पाउने व्यवस्था छ । गाँउपालिकाले रु. ५४२१७२।- अनुगमन मुल्यांकन, प्राविधिकको पारिश्रमिक र प्रशासनिक शिर्षकमा खर्च गरेकोमा श्रमिकको सामुहिक दुर्घटना विमा नगरी गरेको खर्चले दुर्घाटना जोखिम देखिएकोले कार्यविधि बमोजिम श्रमिकको सामुहिक विमा गर्नपर्दछ ।<br><br>**ज्यालामा बढी भुक्तानी** : मुख्यमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि,२०७८को दफा ७ बमोजिम श्रमिकको ज्याला तथा सामग्री लागत अनुपात अनुसूची ५ बमोजिम हुने व्यवस्था छ । यस गाँउपालिकाले सञ्चालन गरेका आयोजनाहरुमा सामग्रीको अनुपात भन्दा ज्यालामा बढी भुक्तानी गरेको देखिन्छ । गाउँपालिकाले कुनै आयोजनामा सामग्री बढी लागेको र कुनैमा कम लागेको र खास गरी | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वास्तविक लागतको अनुपातमा ज्याला र सामग्रीमा रु १२४१६९४। भुक्तानी गरेको जनाए तापनि यसरी कार्यविधि विपरित ज्यालामा बढी भुक्तानी भएको उपयुक्त देखिएन ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>पारिश्रमिक कर</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>पारिश्रमिक कर: आयकर ऐन, २०५८ को दफा ८७(१) अनुसार प्रत्येक वासिन्दा रोजगार दाताले रोजगारीबाट प्राप्त गरेको आय को गणना गर्दा वर्ष भरीमा प्राप्त गरेको आयबाट नियम अनुसार पाउने छुट रकम बाहेक करयोग्य आयमा कर तिर्ने व्यवस्था छ।यस गाँउपालिका अन्तर्गत गाँउपालिका अस्पतालमा कार्यरत डा. छविलाल नेपालीवाट रु १०१३००।— र गाँउपालिकाका ई.प्रदीप मल्लको रु ८५०० समेत जम्मा रु १०९८००।- पारिश्रमिक कर कट्टा गरी दाखिला गर्नुपर्ने रु</td><td>१०९,८००</td></tr>
<tr><td>११.२</td><td>२०३</td><td>२०७९-३-७</td><td>गो भौ नं मिति २०३-०७९।३।७ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को दफा ३ बमोजिम सुविधा पाउने व्यवस्था छन् । यस गाउँपालिकाका निम्न सदस्यहरुको २०७९ साल बैशाख ११ गते देखि राजिनामा स्वीकृती पश्चात बैशाख मसान्त सम्मको सुविधा भुक्तानी रु २२७५८/- भएकोले निजहरुबाट असुल गर्नुपर्ने रु<br>
<table>
<tr><th>पदाधिकारीको नाम</th><th>रकम</th></tr>
<tr><td>शेर बहादुर खत्री</td><td>१३०६८</td></tr>
<tr><td>देव कुमारी बुढाथोकी</td><td>३२३०</td></tr>
<tr><td>भद्र बहादुर शेर्पाली</td><td>३२३०</td></tr>
<tr><td>जनक कुमार विश्वकर्मा</td><td>३२३०</td></tr>
<tr><td>जम्मा</td><td>२२७५८/-</td></tr>
</table></td><td>२२,७५८</td></tr>
<tr><td>१२</td><td></td><td></td><td>शिक्षकको तलब भत्ता अन्य व्यहोरा</td><td></td></tr>
<tr><td>१२.१</td><td></td><td></td><td>शिक्षकको कट्टी रकम ढिलो दाखिला :- गाँउपालिका अन्तर्गत विभिन्न विद्यालयमा कार्यरत शिक्षकहरु तलब भत्ता भुक्तानी गर्दा नियमानुसार कट्टी गर्ने कर्मचारी संचय कोष, बिमा लगायतका कट्टी गरिएका सुविधाहरु ढिलो गरि दाखिला गरेको कारण शिक्षकहरुले प्राप्त गर्ने सुविधा तथा ब्याजमा कमी आउने अवस्था रहन्छ । नियमानुसार कट्टी गरिएका रकमहरु समयमै सम्बन्धित निकायको खातामा जम्मा गरिदिनु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **घटीको कार्यसम्पन्नः-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य,आपुर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्य प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले कार्य सम्पन्न भएको भनि आंशिक कार्य सम्पन्न हुँदा समेत प्राविधिकले नापजाँच गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने गरेको देखिन्छ । सम्झौतामा उल्लेखित कार्यहरु सम्पन्न हुन नसक्नुको स्पष्ट कारण सहित प्राविधिक प्रतिवेदन तयार गरी कार्य सम्पन्न गर्न नसकेको कारण मनासिक भए मात्र सम्पन्न गर्नुपर्नेमा अधुरो निर्माण कार्यमा कार्य सम्पन्न गर्नु नियमसंगत देखिदैंन यसमा सुधार गर्नुपर्दछ। | |

| क.सं. | आयोजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | कार्य सम्पन्न रकम | कार्य नभएको मूख्य कार्य | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | झुल्नेटा हाम्फाल कुरल खुम्चेरी सडक निर्माण | हरिसिद्धि कन्स्ट्रक्सन तथा सप्लायर्स, मुसिकोट-3 रुकुम | 2,09,42,182.67/- | 85,85,555.98/- | 72,15,209.88/- | 6203.6 घन मिटर माटो काटिङ्गको काम,278.5 घन मिटर जालिको काम, 900 मि.मि. व्यास र 10 मि. लम्बाई र 600 मि.मि. व्यास र 7.5 मि. लम्बाई भएको हिमपाइपको काम र 21.93 घन मिटर आर.सि.सि. काम नगरेको । | १५.९६ |
| २ | सिम्रुतु स्वास्थ्य चौकी भवन निर्माण-4 | रासी निर्माणसेवा एण्ड सप्लायर्स, साँख-9, रुकुम पश्चिम | 35,08,555.80/- | 26,92,285.38/- | 11,76,881.95/- | ४१० वर्ग मिटर र ५०५ रनिङ्ग मिटर कोठामा टाएलको काम र ३3.६० रनिङ्ग मिटर रेलिङ्गको काम नगरेको। | ५६.२९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ढुङ्गेघर मान्टुरा सडक स्तरउन्नती | राप्ती निर्माणसेवा एण्ड सप्लायर्स, साँख-9, रुकुम पश्चिम | 19,19,957.38/- | 19,15,018.74/- | 17,17,569.15/- | 300 मि.मि. व्यास र 10 मि. लम्बाई भएको हिमपाइपको काम नगरेको । | १०.३१ |
| ४ | कल्बु ढुङ्गा उन्नेचौर सडक स्तरउन्नती | हरिसिद्धि कन्स्ट्रक्सन तथा सप्लायर्स, मुसिकोट-3 रुकुम पश्चिम | 19,20,188.86/- | 19,11,989.44/- | 17,72,655.65/- | ८०२ घन मिटर रक कटिङ्गको काम नगरेको । | ७.२९ |
| ५ | झरपोखरा सल्लघारी टोट्के सडक स्तरउन्नती | कोशेली कन्स्ट्रक्सन प्रा.ली.,त्रिवेणी-9 रुकुम पश्चिम | 19,20,744.31/- | 19,13,260.94/- | 14,71,774.17/- | 275 घन मिटर ग्याविन जालिको काम नगरेको । | २३.०७ |

**राजश्व बाँडफाड तथा वित्तिय समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता —** अतर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबदी भित्रका शिक्षकको तलब भत्ता बापत सर्शत अनुदान उपलध गराउने व्यवस्था छ। कुनैपनि दरबदी तथा राहत अनुदान कोटा नरहेका स्वीकृत दरबन्दी वेगरका शिक्षक नियुक्त गरी वित्तीय सामानिकिकरण अनुदानवाट यस वर्ष विभिन्न ४५ विद्यालयका १४४ शिक्षकहरुलाई रु.३ करोड २८ लाख ९३ हजार भुक्तानी गरेको रकम नियमसंगत देखिदैन साथै नियुक्त भएका शिक्षकहरु स्वतन्त्र ढंगले प्रतिर्स्पधात्मक प्रक्रियवाट छनोट नहुने अवस्थाले विद्यालयको शैक्षिक गुणस्तरमा समेत असर पुराउने देखिन्छ। सम्पूर्ण विद्यालयको शिक्षक विद्यार्थी अनुपात विश्लेषण गरी व्यवस्थापन सर्वेक्षण गरी आवश्यक देखिएको दरबन्दिमा प्रतिसप्रर्धात्मक मूल्यमा योग्य शिक्षक नियुक्त गरिनु पर्दछ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **सवारी साधन खरिद –** अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.५५४००० खर्च गरेका छन् । | |
| १२.३ | | | **वीमा नगरेको:-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा दश लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले वीमा गराउनुपर्ने व्यवस्था छ । निम्न निर्माण व्यवसायीले गरेको निर्माण कार्यको विमा गरेको देखिएन ।लागत अनुमान तयार गर्दा परिमाण सुचीमा समावेश नगरेको तथा समावेश गरेका विमाको बीमा नगराई कार्य सम्पन्न गरेको देखिन्छ । निर्माण कार्यको वीमा नहुदा निर्माण अवधिमा हुन सक्ने सम्भावित जोखिम वहन नहुने देखिन्छ । नियममा व्यवस्था भए अनुसार निर्माण कार्यको जोखिम वहन गर्नका लागी अनिवार्य वीमा गराउनु पर्दछ । | |

| क्र. सं. | आयोजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | कार्य सम्पन्न रकम | | |
|---|---|---|---|---|---|---|
| 1 | जिवाङ्ग झुल्का हाइरु बल्लेजुरा सडक निर्माण | हरिसिद्धि कन्स्ट्रक्सन तथा सप्लायर्स, | 41,00,094.20 /- | 40,60,375.70/ - | | |
| 2 | माथिगाँउ बल्लेजुरा कालापोखरा सडक निर्माण | हरिसिद्धि कन्स्ट्रक्सन तथा | 40,44,713.41 /- | 40,36,154.94/ - | | |
| 3 | कुरल हाम्फाल खानेपानी गा.पा. केन्द्र खानेपानी निर्माण | राप्ती निर्माणसेवा एण्ड सप्लायर्स, | 9,81,806.15/- | 9,52,858.38/- | | |
| 4 | नुनथला भेडेखर्क स्यानाखर्क बिमैचा सडक निर्माण | हरिसिद्धि कन्स्ट्रक्सन तथा सप्लायर्स, | 37,84,965.22 | 37,61,788.76/ - | | |
| 5 | स्वास्थ्य चौकी सिम्रुतु भवन निर्माण | राप्ती निर्माणसेवा एण्ड सप्लायर्स, | 47,45,279.76 | 47,42,176.71/ - | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>6</td><td>भगेराथान सल्लघारी टोट्के सडक निर्माण</td><td>महाविर एण्ड भिम पहरही कन्स्ट्रक्सन</td><td>24,19,410.08/-</td><td>24,05,809.18/-</td><td></td><td></td></tr>
<tr><td>7</td><td>झुल्नेटा हाम्फाल कुरल खुम्चेरी सडक निर्माण</td><td>हरिसिद्धि कन्स्ट्रक्सन तथा सप्लायर्स</td><td>85,85,555.98/-</td><td>72,15,209.88/-</td><td></td><td></td></tr>
<tr><td>8</td><td>सिम्रुतु स्वास्थ्य चौकी भवन निर्माण-4</td><td>राप्ती निर्माणसेवा एण्ड सप्लायर्स,</td><td>26,92,285.38/-</td><td>11,76,881.95/-</td><td></td><td></td></tr>
<tr><td>9</td><td>ढुङ्गेघर मान्टुरा सडक स्तरउन्नती</td><td>राप्ती निर्माणसेवा एण्ड सप्लायर्स,</td><td>19,15,018.74/-</td><td>17,17,569.15/-</td><td></td><td></td></tr>
<tr><td>10</td><td>कल्बु ढुङ्गा उन्नेचौर सडक स्तरउन्नती</td><td>हरिसिद्धि कन्स्ट्रक्सन तथा सप्लायर्स,</td><td>19,11,989.44/-</td><td>17,72,655.65/-</td><td></td><td></td></tr>
<tr><td>11</td><td>झरपोखरा सल्लघारी टोट्के सडक स्तरउन्नती</td><td>कोशेली कन्स्ट्रक्सन प्रा.ली.,</td><td>19,13,260.94/-</td><td>14,71,774.17/-</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२.४</td><td></td><td></td><td>सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।<br>आन्तरिक आयः गाँउपालिकाले यस वर्ष रु १ करोड आम्दानी प्राप्त गर्ने लक्ष्य लिएकोमा निम्नानुसार रु.६७६९६७७/ प्राप्त गरेको छ। जुन लक्ष्य भन्दा ३३ प्रतिशतले घटी आन्तरिक भएकोले आम्दानीको पूर्वानुमान यथार्थपरक देखिएन। थप आम्दानीको श्रोत पहिचान गरी आय बढाउनु पर्दछ ।यसरी प्राप्त राजश्व भुमि तथा मालपोतवाट प्राप्त रु १८४६९८७।७०,व्यक्तिगत घटना दर्ता शुल्कवाट रु ३३८८२५।०० र अन्य शिर्षकवाट रु.३६२८१३२।०० प्राप्त गरेको छ। केन्द्रिय लेखाको लेखाङ्कन प्रणाली र सफ्टवेयरको आम्दानी विवरण दैनिक, साप्ताहिक, मासिक र वार्षिक रुपमा समेत रिकन्साइल गर्ने गरेको देखिएन । यसबाट कुल आयको वास्तविक अवस्था</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>यकिन नहुने, वैंक सफ्टवेयर र खातामा देखाएको आम्दानीमा फरक पर्ने जस्ता अवस्था भई आय लेखाङ्कन वास्तविक नहुने देखिन्छ । निश्चित अवधि भित्र अनिवार्य रिकन्साइल गरी आय चुहावट भए नभएको पत्ता लगाई यकिन गरी लेखाङ्कन गर्ने प्रणाली विकास गर्नुपर्दछ ।<br><table>
<tr><th>क्र.सं.</th><th>राजश्व संकेत</th><th>शीर्षक</th><th>संकलन भएको राजश्व रकम</th></tr>
<tr><td>१</td><td>११३१४</td><td>भुमिकर / मालपोत</td><td>1846987.7</td></tr>
<tr><td>२</td><td>११३२१</td><td>घरवहाल कर</td><td>344113</td></tr>
<tr><td>३</td><td>१४२२४</td><td>परिक्षा शुल्क</td><td>4300</td></tr>
<tr><td>४</td><td>१४२४२</td><td>नक्सापास दस्तुर</td><td>52864.34</td></tr>
<tr><td>५</td><td>१४२४३</td><td>सिफारिस दस्तुर</td><td>1411630</td></tr>
<tr><td>६</td><td>१४२४४</td><td>व्यक्तिगतघटना दर्ता दस्तुर</td><td>338825</td></tr>
<tr><td>७</td><td>१४२४५</td><td>नाता प्रमाणित दस्तुर</td><td>43600</td></tr>
<tr><td>८</td><td>१४२४९</td><td>अन्य दस्तुर</td><td>145748</td></tr>
<tr><td>९</td><td>१३२६५</td><td>अन्य क्षेत्रको आय</td><td>201529</td></tr>
<tr><td>१०</td><td>१४५२९</td><td>अन्य राजश्व</td><td>1948851</td></tr>
<tr><td>११</td><td>१४६११</td><td>व्यवसाय कर</td><td>221838</td></tr>
<tr><td>१२</td><td>१५१११</td><td>बेरुजु</td><td>169269</td></tr>
<tr><td>१३</td><td>३२१२२</td><td>वैक मौज्दात</td><td>40122</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>6769677.04</td></tr>
</table><br>गाँउपालिकाले आन्तरिक आय वृद्धि गर्न आम्दानीको क्षेत्र पहिचान गरी गरी दायरा फराकिलो गराउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **नगद अनुदान:** गाँउपालिकाले कोभिड १९ को महामारीवाट प्रभावित अति विपन्न परिवारका सदस्यहरुलाई वडा अध्यक्षको सिफारिसमा जम्मा ४२१ जना लाई प्रति व्यक्ति रु.१० हजारका दरले जम्मा रु.४२ लाख १० हजार भुक्तानी गरेको छ । उल्लेखित परिवार वास्तविक पिडित भएको वडा सिफारिस वाहेक अन्य आधार देखिदैन। अनुदान वितरण गर्दा वास्तविक पिडितको पहिचान हुने गरी वितरण गरिनु पर्दछ ।<br>**आय लेखाङ्कन : गाँउ**पालिकाले यस वर्ष रु.६७६९६७७/- राजश्व आम्दानी गरेको छ । गाँउपालिकाले आन्तरिक राजश्व तर्फ विद्युतीय माध्यम प्रयोग नगरी गाँउपालिकावाट भएको सेवा प्रवाह अनुसार आम्दानी भिडान नगरी जारी भएको नगदी रसिदवाट प्राप्त राजश्व वैंक दाखिला गरी पेश भएको वैंक भौचरको आधारमा आम्दानी लेखाङ्कन गर्ने गरेको देखियो । यसबाट कुल आयको वास्तविक अवस्था यकिन नहुने, वैंक सफ्टवेयर र खातामा देखाएको आम्दानीमा फरक पर्ने जस्ता अवस्था भई आय लेखाङ्कन वास्तविक नहुने देखिन्छ । निश्चित अवधि भित्र अनिवार्य रिकन्साइल गरी आय चुहावट भए नभएको पत्ता लगाई यकिन हुने गरी राजश्व आम्दानी सम्वन्धमा विद्युतीय माध्यम विकास तथा प्रयोग गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आय खाताको मौज्दात र वैंक भौचरका आधारमा आयको वैंक नगदी कितावमा भएको प्रविष्टि वाहेक सवै रसिद, भौचर, आम्दानी लेखाङ्कन आदिको परीक्षण गरिएको छैन । गाँउपालिकाले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी राजस्व संकलन र दाखिला प्रभावकारी भरपर्दो र पारदर्शी वनाउनु पर्दछ ।<br>**उपभोक्ता समितिः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता जुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी गर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन नगर्ने, योजना हस्तान्तरण हुने तथा खर्च सार्वजनिक गर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।<br>**कर्मचारी कल्याण कोष —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानिय तहले स्थानीय सेवाको दरबदीमा कार्यरत कमचारीले खाई पाईआएको मासिक तलबबाट १० प्रतिशत रकम जम्मा गरी सो रकम बराबरले आउने रकम थप गरी जम्मा गर्नु पर्ने व्यवस्था छ । तर गाँउपालिकाले नियमानुसार कोष बनाई कर्मचारीको अवकाश पछी भुक्तानीको लागि व्यवस्था गरेको देखिएन। कानूनमा भएको व्यवस्था वमोजिक कोष सञ्चालन गरिनु पर्दछ । | |
| १३ | | | **कृषि लक्षित कार्यक्रम तथा अन्य व्यहोरा** | |
| १३.१ | | | **कृषि लक्षित कार्यक्रम**: संघिय सशर्त कार्यक्रम तर्फ पकेट मकै प्रवर्द्धन कार्यक्रम**,** अदुवा वेसार प्रवर्द्धन कार्यक्रम**,** अदुवा वेसारको साना व्यवसाय कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम,व्यवसायिक केन्द्र पकेट विकास कार्यक्रम खाद्यान्न वालीको उन्नत विउ उपयोगमा मूल्य अनुदान**,**करेसावारी कार्यक्रम वाली संरक्षण कार्यक्रम देहायअनुसार कार्यक्रममा रु.६५ लाख ५७ हजार खर्च गरी १२९२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लाभान्वित भएको जनाएकोमा उक्त कार्यक्रमवाट कृषि उत्पादन र कृषकको जीवनस्तरमा सुधार आउने गरी कार्यक्रम सञ्चालन गरिएको छ भन्ने विश्वस्त हुने आधार देखिदैन। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्: | |

| सिनं | कार्यक्रमको नाम | लाभग्राही समूह सहकारी फर्मको संख्या | लाभग्राही संख्या | खर्च रकम |
|---|---|---|---|---|
| १ | मकै प्रवर्दन कार्यक्रम | ४ | ८९ | १००२००० |
| २ | अदुवा बेसार प्रवर्द्धन कार्यक्रम | ४ | १३६ | १७६०००० |
| ३ | अदुवा बेसारको साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | ४ | १२० | १७६०००० |
| ४ | आव २०७७।०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | १० | ११६ | ११०५००० |
| ५ | खाद्यान्न बालीको उन्नत विउ उपयोगमा मूल्य अनुदान | कृषक | १७४ | ४८०००० |
| ६ | करेसाबारी कार्यक्रम | कृषक | ४४७ | २५०००० |
| ७ | बाली संरक्षण कार्यक्रम | कृषक | २१० | २००००० |
| जम्मा | | | १२९२ | ६५५७००० |

**कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम**: गाँउपालिकाले यस वर्ष मकै प्रवर्द्धन कार्यक्रम, अदुवा वेसार प्रवर्द्धन कार्यक्रम, अदुवा वेसारको साना व्यवसाय कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम,व्यवसायिक केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन गरी जम्मा रु.५६ लाख २७ हजार खर्च गरेको जनाएको छ। उक्त खर्चवाट लाभग्राही समूह तथा सहकारीलाई नगद अनुदान प्रदान गरिएकोमा उक्त समूह तथा सहकारी कृषि कार्यमा संलग्न भई उत्पादनमा अभिवृद्धि गरेको यथेष्ट प्रमाण देखिदैन। अनुदान लिनका लागि समूह

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तथा सहकारी दर्ता हुने र अनुदान पश्चात कृषि कर्ममा सहभागी भए नभएको सम्बन्धमा गाँउपालिकाले अनुगमन गरी अनुदान रकम दुरुपयोग हुन नदिन आवश्यक संयन्त्र बनाएको देखिएन। अनुदान रकमको दुरुपयोग रोक्न वास्तबिक कृषकको पहिचान गरी उत्पदानमा आधारित अनुदान कार्यक्रम मात्र लागु गरिनु पर्दछ। नतिजामुखी अनुगमन तथा मुल्याँकन गरी यस्ता कृषि लक्षित कार्यक्रमको प्रभावकारिता अभिवृद्धि हुने सुनिश्चिता गर्नुपर्दछ । | |
| १३.२ | | | **शिक्षा तर्फः** गाँउपालिका अन्तर्गत आधारभुत तहसम्म अध्ययन हुने २० वटा, माध्यामिक तहसम्म अध्ययन हुने २० वटा, थप ५ वटा वालविकास समेत ४५ वटा सरकारी विद्यालय रहेका छन् । ४५ विद्यालयमा पालिकाले निर्धारण गरेको समेत कुल २५३ दरवन्दी रहेकोमा ७० करार समेत १८० पदपुर्ति भएकोमा ३ जना रिक्त रहेको छ । गाँउपालिका अन्तर्गतका विद्यालयहरुमा आर्थिक वर्ष भर संघिय सशर्त वजेटवाट निम्नानुसार रु.१२ करोड २६ लाख ३८ हजार तलव भत्ता लगायतमा निकासा भएकोमा आर्थिक वर्ष २०७७।७८ मा सामाजिक परिक्षण र लेखापरीक्षण नभएको, पाठ्य पुस्तक, छात्रवृति, हाजिरी अनुसार दिवा खाजा लगायत अनुदान वितरण तथा विद्यार्थिको शैक्षिक अवस्था सम्वन्धमा पालिकावाट अनुगमन भएको देखिदैन । सामाजिक लेखापरीक्षण, आर्थिक कारोवारको लेखापरीक्षण तथा अनुदानको उचित प्रयोग र प्रभावकारी शैक्षिक अवस्था भए नभएको अनुगमन गर्नु पर्ने देखिन्छ । | |

| क्र सं | विद्यालय अनुदान | रकम |
|---|---|---|
| १ | पाठ्य पुस्तक | ५१८५०००।०० |
| २ | छात्रवृति | १३९६४००।०० |
| ३ | शिक्षक तलव भत्ता | ८८८९००००।०० |
| ४ | दिवा खाजा | १०९१५८२५।०० |
| ५ | परीक्षा व्यवस्थापन अनुदान कक्षा ८ | ५५६०००।०० |
| ६ | शिक्षण सिकाई सामाग्री अनुदान | २१६१०००।०० |
| ८ | शैक्षिक सुधार | ६४७८४४८।०० |
| १० | इन्टरनेट जडान, लेखापरीक्षण तथा सामाजिक परीक्षण | १८०००००।०० |
| | **जम्मा** | **१०,६४,६६,८४८।००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
प्रधानमन्त्री रोजगार कार्यक्रम: कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ६ अनुसार स्थानिय तहले पुर्ण रुपमा ज्यालामा आधारित भई दफा ५ अनुसार प्राथमिकीकरण सहित एक सय दिनको रोजगारी सुनिश्चितता हुने गरी दफा ४ वमोजिमका आयोजना छनौट तथा कार्यान्वयन गर्नु पर्दछ । आर्थिक वर्ष २०७८।७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रम ३६ वटा आयोजना सञ्चालन गरी रु ४०९८००४२।०० खर्च भएको र उक्त कार्यक्रम मार्फत १२६० जनाले ७२०५८ दिन अर्थात प्रति श्रमिक ५७।१९ दिन रोजगारी प्रदान गरेको देखिन्छ। यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन ।
<table>
<tr><th>क्र.स.</th><th>आयोजनाको क्षेत्रहरु</th><th>संख्या</th><th>जम्मा लागत रकम</th><th>लाभग्राहीहरुको संख्या</th><th>कुल रोजगार दिन</th></tr>
<tr><td>१</td><td>सडक</td><td>32</td><td>37936367</td><td>1130</td><td>66783</td></tr>
<tr><td>२</td><td>खानेपानी तथा सरसफाई</td><td>2</td><td>879925</td><td>55</td><td>1525</td></tr>
<tr><td>३</td><td>फिल्ड तथा पर्खाल निर्माण</td><td>2</td><td>2163750</td><td>75</td><td>3750</td></tr>
<tr><td></td><td>जम्मा</td><td>36</td><td>40980042</td><td>1260</td><td>72058</td></tr>
</table>
१०० दिन रोजगारी प्रदान गर्ने भनिए पनि ५७।१९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।
मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फः मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को वुँदा नं ३ मा उल्लेखित उद्देश्य प्राप्त गर्न वुँदा नं ४ मा उल्लिखत प्रावधानमा रहि अनुसुचि १ अनुसार ९ क्षेत्रमा सञ्चालन हुने आयोजना ६० प्रतिशत श्रममा आधारित रहि रोजगारीका अवसर श्रृजना गर्नु पर्ने व्यवस्था छ । यस वर्ष गाँउपालिकाले स्विकृत गरेको १७ योजनामा १ करोड ९१ लाख २४ हजार खर्च गरेको छ । उल्लेखित कार्यक्रम सम्पन्न गर्न स्विकृत भएको लागत अनुमान अनुसार ३० प्रतिशत भन्दा वढी हुने गरी पूँजिउन्मुख मालसामान खरिद, स्क्याभेटर प्रयोग, सवारी साधन प्रयोग गरी ढुवानी गर्ने जस्ता कार्य तथा खरिद समावेश भएको देखियो । जसले वास्तविक रोजगारी श्रृजना नभई उपभोक्ता समितिले पूँजिगत प्रकृतिका कार्य गर्न सहायक रुपमा ठेक्का व्यवस्थापन गरी कार्य सम्पन्न गरेको व्यहोरा विलभरपाई परिक्षणवाट देखिन्छ । साथै उपभोक्ता समितिले पेश गरेका विलभरपाईमा उल्लेखित पूँजिगत सामानको मुल्य पालिकाको दररेट भन्दा वढी उल्लेख भएको तथा प्रयोग गरेको परिमाण समेत नापि कितावसँग भिडान हुने देखिँदैन। यस वर्ष १७ वटा योजना सञ्चालन गरी रु.१ करोड ९१ लाख २४ हजार खर्च गरी ३१६ जनाले १५८०२ दिन अर्थात औषत ५० दिन रोजगारी पाएको गाँउपालिकावाट प्राप्त विवरणमा देखिन्छ ।आगामी दिनमा कार्यक्रम सञ्चालन वास्तविक वेरोजगारलाई लक्षित गरी सञ्चलन गरिनु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.स.</th><th>आयोजनाको क्षेत्रहरु</th><th>संख्या</th><th>जम्मा लागत रकम</th><th>लाभग्राहीहरुको संख्या</th><th>कुल रोजगार दिन</th></tr>
<tr><td>१</td><td>सडक</td><td>4</td><td>४४७1000</td><td>95</td><td>5340</td></tr>
<tr><td>२</td><td>खानेपानी तथा सरसफाई</td><td>2</td><td>2506000</td><td>39</td><td>1756</td></tr>
<tr><td>३</td><td>घेरावार तथा पर्खाल निर्माण</td><td>3</td><td>2488000</td><td>52</td><td>1989</td></tr>
<tr><td>4</td><td>भवन</td><td>7</td><td>8331000</td><td>118</td><td>5613</td></tr>
<tr><td>5</td><td>पोखरी</td><td>1</td><td>1328000</td><td>12</td><td>1104</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७</td><td>19124000</td><td>316</td><td>15802</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
कर कट्टी नभएको<br><br>
करकट्टी नभएको: आय कर ऐनको दफा ८८ मा भुक्तानीमा करकट्टी गर्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले देहाय अनुसार विद्यालयको भवन निर्माण कार्यको व्यवस्थापन समिति मार्फत कार्य गरी भुक्तानीमा कर कट्टी गर्नुपर्ने रु. ९८१७१८।०० कर रकम असुल हुनुपर्ने रु<br><br>
<table>
<tr><th>भौचर नं</th><th>आयोजनाको नाम</th><th>लागत रकम</th><th>बहाल कर</th><th>अग्रिम आय कर</th><th>जम्मा कर रकम</th></tr>
<tr><td rowspan="2">४६-२०७९।३।२३</td><td>बाल विकास आविभानीपोले ४ कोठे भवन निर्माण</td><td>२४०००००</td><td>१०३०००</td><td>२०५५०</td><td>१२३५५०</td></tr>
<tr><td>साधरण मावि मूरु डाँडा ८ कोठे भवन निर्माण</td><td>४००००००</td><td>५२९१६</td><td>५२०६३</td><td>१०४९७९</td></tr>
<tr><td></td><td>जनप्रिय मा वि पेउघाभवन निर्माण</td><td>३६०००००</td><td>१०४५००</td><td>३८३२५</td><td>१४२८२५</td></tr>
</table>
</td><td>९८१,७१८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्या विकास मावि जिवाङ्ग भवन निर्माण | ४०६१२८८ | ४७००० | ५३८६९ | १००८६९ |
| | चेतनशिल वल विकास केन्द्र त्रिवेणी १० | २२१८४५२ | १६००० | ३०८७६ | ४६८७६ |
| | नमुना आवि तमाखछ्रे भवन निर्माण | २३०७६७० | ९५००० | ३३१९० | १२८१९० |
| ४५-२०७९।३।२३ | अन्धनासक मावि खुम्चेरी भवन निर्माण | ४२५९७७० | २३९०५ | ६०३१० | ८४२१५ |
| | चन्द्र सुर्य आवि त्रिवेणी ३ भवन निर्माण | २०२८९४९ | २३८०० | २६८६४ | ५०६६४ |
| | जनहित आवि चौतरा भवन निर्माण | १८००००० | २५०६५ | २३२४० | ४८३०५ |
| | साधरण मावि मूरु डाँडा भवन निर्माण | ४१३३०२६ | १०५००० | ४६२४५ | १५१२४५ |
| **जम्मा रकम** | | | **५९६१८६** | **३८५५३२** | **९८१७१८** |

